"विकास, समृद्धि र सुशासन: डुडुवा गाउँपालिकाको अभियान"

# डुडुवा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

बनकट्टी, बाँके

५ नं. प्रदेश, नेपाल

## सिलबन्दी दरभाउ पत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०३/०३**

यस कार्यालयका लागि तपशिल बमोजिमको कार्य शिलबन्दी दरभाउ पत्र माध्यमबाट गराउनुपर्ने भएकोले सम्बन्धित इजाजत प्राप्त इच्छुक ठेकेदार कम्पनी तथा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)औं दिनभित्र रु.१०००।-(फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउ दाताहरुले लिखित निवेदनको साथमा नविकरण भएको इजाजत पत्र, आयकर प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र, अघिल्लो आर्थिक वर्षसम्म कर तिरेको कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी यस कार्यालयमा पेश गरि खरिद गर्न सकिनेछ।

२. खरिद भएका दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयलाई सम्बोधन गरि शिलबन्दी खाममा फर्मको नाम, ठेक्का नं.,कामको विवरण र सम्पर्क नम्बर आदी प्रष्ट खोली छुट्टाछुट्टै दर्ता गराउनु पर्नेछ।

३. एक फर्म वा कम्पनीको नाउमा खरिद भएको दरभाउ पत्र अर्को फर्म वा कम्पनीको नामबाट दर्ता गर्न पाइने छैन।

४. दरभाउ पत्र दर्ता हुने अन्तिम दिन दिनको २:०० बजे दरभाउ पत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधीहरुको रोहवरमा कार्यालयभित्र नै खोलिने छ। दरभाउ पत्र दाताहरुको प्रतिनिधीहरु उपस्थित नभए पनि दरभाउ खोल्न बाधा पर्ने छैन। दररेट भर्दा अनिवार्य रुपमा अंक र अक्षरमा स्पष्ट भर्नु पर्नेछ अक्षरमा लेखीएकोलाई मान्यता दिइने छ।

५. दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने र खोलिने अन्तिम दिन बिदा पर्न गएमा त्यसको पछि लगत्तै कार्यालय खुलेको दिन क्रमश: सो कार्यहरु गरिनेछ।

६. दरभाउ पत्र जमानत बापत तपसिल बमोजिमको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सि. एसिया बैंक लि. नेपालगञ्जमा रहेको खाता नं. २०४१४९८३८५५२४००१ ग-३ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयका नाउमा जारी भएको कम्तिमा पनि ७५ दिन म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ।

७. म्यादभित्र दर्ता हुन नआएका, रीत नपुगेको तथा अन्य कुनै शर्त राखेको दरभाउ उपर कुनै किसिमको कारवाही हुनेछैन।

८. पेश भएको दरभाउ स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. दरभाउ पत्र दाताहरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी अध्ययन गरी दरभाउ पत्र भर्नुपर्ने छ।

१०. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा प्रचलीत कानुन बमोजिम हुनेछ।

११. कुनै किसिमको अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। साथै दरभाउ पत्रमा आवश्यक कुनै संसोधन गर्नु परेको अवस्थामा कार्यालयको सूचना पाटीबाट सूचना गरिने छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम | कामको विवरण | ल.ई.रकम (भ्याट बाहेक) रु. | धरौटी रकम रु. | दरभाउ दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | SQ\WORKS\DDRM\004\075-76 | जव्दहवा मन्दिर देखी उत्तर जाने मुल सडकमा माटो पटान र ग्रेभल गर्ने कार्य | माटो पटान र ग्रेभल बिच्छाउने कार्य | १३५४९३६।४४ | ३४०००।०० | १०००।०० |
| २ | SQ\WORKS\DDRM\005\075-76 | जनएकता समाजको कम्पाउण्ड वाल निर्माण कार्य | कम्पाउण्ड वाल निर्माण कार्य | ६९०२५६।०० | १८०००।०० | १०००।०० |

**प्रमुख प्रशासकिय अधिकृत**